## नेपाल सरकार, मन्त्रिपरिषद्का २०८३ भदौ ३ गतेको बैठकका निर्णयहरू

| क्र.सं | मन्त्रालय | निर्णयको सङ्क्षिप्त व्यहोरा |
|---|---|---|
| १ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सफ्टवेयर विकास तथा सञ्चालन समिति (गठन) आदेश, २०८३ स्वीकृत गर्ने। |
| २ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सार्वजनिक खरिद (सोह्रौं संशोधन) नियमावली, २०८३ स्वीकृत गर्ने। |
| ३ | अर्थ मन्त्रालय | कतारको राजधानी दोहामा आयोजना हुने एशियाली पूर्वाधार लगानी बैंकको बोर्ड अफ गभर्नर्सको एघारौं वार्षिक बैठकमा भाग लिन माननीय अर्थमन्त्रीको मिति २०८३ असोज १२ देखि १३ गतेसम्मको भ्रमण स्वीकृत गर्ने। |
| ४ | अर्थ मन्त्रालय | South Asia Sub-regional Economic Cooperation Highway Improvement and Ecosystem Restoration Project कार्यान्वयनको लागि एसियाली विकास बैंकबाट प्राप्त हुने २८५ मिलियन अमेरिकी डलर बराबरको सहुलियतपूर्ण ऋण र सोही परियोजनाको लागि एसियाली विकास बैंकले प्रदान गर्ने २० मिलियन अमेरिकी डलर अनुदान सहायता प्राप्त गर्न स्वीकृति दिने। |
| ५ | अर्थ मन्त्रालय | जापान सरकारबाट त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा एयर ट्राफिक कन्ट्रोल सुधारसम्बन्धी परियोजनाका लागि प्राप्त हुने नेपाली रुपियाँ करिब २ अर्ब ७३ करोड अनुदान सहायता स्वीकार गर्ने। |
| ६ | अर्थ मन्त्रालय | कर्मचारी सञ्चय कोषको प्रशासक पदमा श्री विजय कुमार श्रेष्ठ, मोरङलाई नियुक्ति गर्ने। |
| ७ | अर्थ मन्त्रालय | नागरिक लगानी कोषको कार्यकारी निर्देशक पदमा श्री पर्वत कुमार कार्की, उदयपुरलाई नियुक्ति गर्ने। |
| ८ | अर्थ मन्त्रालय | नेपाल राष्ट्र बैंकका कार्यकारी निर्देशक श्री दीर्घ बहादुर रावललाई नेपाल राष्ट्र बैंकको डेपुटी गभर्नर पदमा नियुक्त गर्ने। |
| ९ | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | आर्थिक वर्ष २०८३/८४ का लागि सत्य निरुपण तथा मेलमिलाप आयोगको लागि ३५ जना र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगको लागि २३ जना अधिकृतस्तरका कर्मचारीको अस्थायी दरबन्दी स्वीकृत गर्ने। |
| १० | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | २०८३ असोज २१ देखि २४ गतेसम्म अजरबैजानको बाकुमा सञ्चालन हुने Fourth International Conference on Missing Persons मा सहभागी हुन सत्य निरूपण तथा मेलमिलाप आयोगका सचिव र बेपत्ता पारिएका व्यक्तिको छानविन आयोगका सचिवलाई स्वीकृति प्रदान गर्ने। |
| ११ | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | प्रशासकीय अदालतका अध्यक्षको गणतन्त्र जर्मनीको सङ्घीय प्रशासकीय अदालत र फिनल्याण्डको सर्वोच्च प्रशासकीय अदालतहरूको न्यायिक भ्रमण स्वीकृत गर्ने। |

| | | |
|---|---|---|
| १२ | कृषि, वन तथा पर्यावरण मन्त्रालय | कालीगण्डकी गर्ज जलविद्युत आयोजना (१८० मे.वा.) निर्माणका लागि मुस्ताङ जिल्लाको थासाङ गाउँपालिकाको वडा नं. ४ र म्याग्दी जिल्लाको अन्नपूर्ण गाउँपालिकाको वडा नं. ४ मा रहेको राष्ट्रिय वन क्षेत्रको कूल २७.३९ हेक्टर जग्गा प्रयोग गर्न स्वीकृति दिने। |
| १३ | कृषि, वन तथा पर्यावरण मन्त्रालय | तामाकोशी पाँचौं जलविद्युत आयोजना २२० के.भी. विद्युत प्रसारणलाइन आयोजना निर्माणको लागि दोलखा जिल्लाको विगु गाउँपालिका वडा नं. ४ को कूल ६.४७ हेक्टर राष्ट्रिय वन क्षेत्रको जग्गा प्रयोग गर्न स्वीकृति दिने। |
| १४ | कृषि, वन तथा पर्यावरण मन्त्रालय | सिद्धि खोला जलविद्युत आयोजना (१० मे.वा.) निर्माणको लागि इलाम जिल्लाको रोङ गाउँपालिको वडा नं.६ मा रहेको राष्ट्रिय वन क्षेत्रको २ हेक्टर जग्गा प्रयोग गर्न स्वीकृति दिने। |
| १५ | कृषि, वन तथा पर्यावरण मन्त्रालय | औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडलाई कञ्चनपुर जिल्लाको बेदकोट नगर पालिकाको वडा नं.२ र ३ मा रहेको दैजी औद्योगिक क्षेत्र निर्माणका लागि राष्ट्रिय वनको १३६.५९ हेक्टर जग्गा प्रयोग गर्न स्वीकृति दिने। |
| १६ | कृषि, वन तथा पर्यावरण मन्त्रालय | कृषि वन तथा पर्यावरण मन्त्रालयमा कार्यरत वरिष्ठ खाद्य अनुसन्धान अधिकृत श्री प्रमोद कोइरालाको राजपत्राङ्कित प्रथम श्रेणी सहसचिव (प्राविधिक) पदमा बढुवा गरी स्वैच्छिक अवकाश दिने। |
| १७ | कृषि, वन तथा पर्यावरण मन्त्रालय | रुपन्देही जिल्लाको सेमलार कृषि थोक बजार निर्माण आयोजनालाई राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना तोक्ने। |
| १८ | गृह मन्त्रालय | २०८३ भदौ ४ र ५ मा भारतमा आयोजना हुने Joint Working Group (JWG) on Border Management को १४औं बैठकमा सहभागी हुन गृह मन्त्रालयका सहसचिवको नेतृत्वमा प्रतिनिधिमण्डल गठन गर्ने र छलफलको कार्यसूची स्वीकृत गर्ने। |
| १९ | गृह मन्त्रालय | २०८३ असोज २ देखि ४ गतेसम्म रूसमा आयोजना हुन गइरहेको International Scientific and Practical Conference entitled "Elections in a Period of Turbulence" सम्मेलनका साथै The Regular Elections of Deputies to the State Duma of the Federal Assembly (Ninth Convocation) कार्यक्रममा सहभागी हुन माननीय प्रमुख निर्वाचन आयुक्त श्री मानबहादुर कार्की र माननीय निर्वाचन आयुक्त श्री सगुन सम्शेर ज.ब.रा.लाई स्वीकृति प्रदान गर्ने। |
| २० | गृह मन्त्रालय | श्रीलङ्काको कोलम्बोमा २०८३ भदौ १६ देखि १७ गतेसम्म आयोजना हुन गइरहेको Regional Conference on Out-of-Country Voting (OCV) कार्यक्रममा सहभागी हुन माननीय निर्वाचन आयुक्त डा. राजीब सुब्बालाई स्वीकृति प्रदान गर्ने। |
| २१ | परराष्ट्र मन्त्रालय | संयुक्त राज्य अमेरिकाको न्यूयोर्कमा आयोजना हुने संयुक्त राष्ट्र संघको ८१ औं महासभामा मिति २०८३ असोज ६ देखि १२ गतेसम्म सहभागी हुन माननीय परराष्ट्र मन्त्रीको नेतृत्वमा उच्चस्तरीय प्रतिनिधिमण्डल गठन गर्ने। |

| | | |
|---|---|---|
| २२ | परराष्ट्र मन्त्रालय | नेपाल र स्पेनका परराष्ट्र मन्त्रालयबिच द्विपक्षीय परामर्श संयन्त्र स्थापना गर्नेसम्बन्धी समझदारीपत्रमा समकक्षी मिलाई हस्ताक्षर गर्न परराष्ट्र मन्त्रालयलाई स्वीकृति प्रदान गर्ने। |
| २३ | परराष्ट्र मन्त्रालय | नेपालमा एसियाली विपद् पूर्वतयारी केन्द्र (Asian Disaster Preparedness Center -ADPC) को Sub-center स्थापनाका लागि स्वीकृति प्रदान गर्ने। |
| २४ | भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय अन्तर्गत सञ्चालन हुने आयोजना तथा कार्यक्रमहरू कार्यान्वयन गर्न आर्थिक वर्ष २०८३/८४ का लागि ९४ राजपत्राङ्कित पदहरूको अस्थायी दरबन्दी स्वीकृत गर्ने। |
| २५ | भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | नेपाल प्रशासन सेवाका सहसचिवहरू श्री लेखनाथ ज्ञवाली, श्री विनोद लामिछाने र श्री चन्द्र बहादुर सिवाकोटिले दिनु भएको राजीनामा स्वीकृत गर्ने। |
| २६ | भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | विभिन्न सेवाका राजपत्राङ्कित प्रथम श्रेणीका २७ जना सहसचिवहरूको सरूवा गर्ने। |
| २७ | रक्षा मन्त्रालय | नेपाली सेना, सैनिक साधारण सेवाका नौ जना महासेनानीहरूको सरुवा गर्ने। |
| २८ | रक्षा मन्त्रालय | नेपाली सेना, सैनिक साधारण सेवाका छ जना उपरथीहरूको सरुवा गर्ने। |
| २९ | रक्षा मन्त्रालय | नेपाली सेना, सैनिक साधारण सेवाका चारजना प्रमुख सेनानीहरूलाई महासेनानी दर्जामा बढुवा गरी पदस्थापन गर्ने। |
| ३० | रक्षा मन्त्रालय | नेपाली सेना, सैनिक साधारण सेवाका सहायक रथी द्रव्यराम भण्डारीलाई सोही सेवाको उपरथी दर्जामा बढुवा गरी पदस्थापन गर्ने। |
| ३१ | रक्षा मन्त्रालय | नेपाली सेना, सैनिक साधारण सेवाका सहायक रथी रंजित थापालाई सोही सेवाको उपरथी दर्जामा बढुवा गरी पदस्थापन गर्ने। |
| ३२ | शिक्षा तथा खेलकुद मन्त्रालय | (क) प्रारम्भिक बालविकास सहजकर्ता, विद्यालय कर्मचारी र विद्यालय सहयोगीका लागि सङ्घीय सरकारले हाल उपलब्ध गराउँदै आएको पारिश्रमिक अनुदानमा मासिक रु ५,०००/- का दरले वृद्धि गर्ने।<br>(ख) माध्यमिक तह र आधारभूत तहमा शिक्षण सहयोग अनुदान कोटामा कार्यरत शिक्षकहरूको तलब क्रमशः माध्यमिक तृतीय श्रेणी र निम्न माध्यमिक तृतीय श्रेणीको सुरु तलब बराबर कायम गर्ने। |
| ३३ | सूचना तथा सञ्चार मन्त्रालय | दूरसञ्चार नियमावली, २०५४ को अनुसूची हेरफेर गर्ने। |
| ३४ | सूचना तथा सञ्चार मन्त्रालय | South Asia Satellite (SAS) मा निःशुल्क रूपमा प्राप्त हुने ३६ मेगाहर्ज व्याण्डविथ उपयोगका लागि भारत सरकारबाट वस्तुगत अनुदानको रूपमा प्राप्त हुने एक थान Ground Segment (Central Hub Station) तथा ३०० थान User Terminal प्राप्त गर्न स्वीकृति प्रदान गर्ने। |
| ३५ | सूचना तथा सञ्चार मन्त्रालय | गणतन्त्र कोरियाको सिओलमा वि.सं २०८३ असोज १४ देखि १५ गतेसम्म आयोजना हुने 12th Global ICT Leadership Forum मा सहभागी हुन माननीय सूचना तथा सञ्चार मन्त्रीलाई स्वीकृति प्रदान गर्ने। |

| | | |
|---|---|---|
| ३६ | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | पोखरा र गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलबाट हुने अन्तर्राष्ट्रिय नियमित हवाई उडानमा लाग्ने शुल्कमा छुट दिने निर्णयको सूचना नेपाल राजपत्रमा प्रकाशन गर्न स्वीकृति दिने। |
| ३७ | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | नेपाल सरकार र साउदी आरेबियाबिच द्विपक्षीय वार्ता तथा हवाई सेवा सम्झौता गर्नको लागि वार्ता टोली गठन गर्ने। |
| ३८ | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | बौद्धनाथ क्षेत्र विकास समितिको रिक्त कार्यकारी निर्देशक पदमा श्री नुर्बु शेर्पा, सोलुखुम्बुलाई नियुक्ति गर्ने। |
| ३९ | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | देवघाट क्षेत्र विकास समितिको कार्यकारी निर्देशक पदमा श्री पुकार भट्ट चितवनलाई नियुक्ति गर्ने। |
| ४० | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | २०८३ असोज ८ देखि १० गतेसम्म रसियाको सेन्ट पिटर्सबर्गमा आयोजना हुने 12th Saint Petersburg United Cultures Forum मा सहभागी हुन संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिवलाई स्वीकृति प्रदान गर्ने। |
| ४१ | स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय | नेपाल आयुर्वेद चिकित्सा परिषद्को रजिष्ट्रार पदमा हरिशरण अर्याल, नुवाकोटलाई नियुक्ति गर्ने। |
| ४२ | स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय | नेपाल मेडिकल काउन्सिलको रजिष्ट्रार पदमा सुप्रभात श्रेष्ठ, काठमाडौंलाई नियुक्ति गर्ने। |
| ४३ | स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय | नेपाल स्वास्थ्य अनुसन्धान परिषद्को सदस्य-सचिव पदमा डा. प्रमोद जोशी, कैलालीलाई नियुक्ति गर्ने। |
| ४४ | स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय | नेपाल स्वास्थ्य व्यवसायी परिषद्को रजिष्ट्रार पदमा श्री रमेश श्रेष्ठ, धादिङलाई नियुक्ति गर्ने। |
| ४५ | भुक्तानी तथा फर्स्यौट ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक सङ्घीय संसदमा पेश गर्न स्वीकृति दिने। | |
| ४६ | नागरिक लगानी कोष ऐन, २०४७ लाई संशोधन गर्न बनेको विधेयक सङ्घीय संसदमा पेश गर्न स्वीकृति दिने। | |
| ४७ | नेपाल प्रशासन सेवा समुहीकरण तर्फको राजपत्राङ्कित विशिष्ट श्रेणीको रिक्त एक पदमा श्री कमलप्रसाद भट्टराईलाई बढुवा गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, बागमती प्रदेशको प्रमुख सचिव पदमा पदस्थापन गर्ने। | |
| ४८ | राष्ट्रिय सतर्कता केन्द्रका प्रमुख अधिकृत (सचिव) श्री विश्वबाबु पुडासैनीको सार्वजनिक खरिद अनुगमन कार्यालयको सचिव पदमा र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कोशी प्रदेशका प्रमुख सचिव श्री राजेन्द्र कुमार पौडेलको सूचना तथा सञ्चार मन्त्रालयको सचिव पदमा सरूवा गर्ने। | |

## नेपाल सरकार, मन्त्रिपरिषद्‌को २०८३ भदौ १० गतेको बैठकका निर्णयहरू

१. रसुवा जिल्लाको सीमा क्षेत्र रसुवागढी, भोटेकोशी नदी र तल्लो तटीय क्षेत्रमा संवत् २०८३ साल भदौ १० गते आएको भीषण बाढीबाट भएको जनधनको क्षतिप्रति नेपाल सरकारको तर्फबाट गहिरो दु:ख प्रकट गर्दै उक्त घटनामा मृत्यु हुने मृतकहरूप्रति भावपूर्ण श्रध्दाञ्जली अर्पण गर्ने। शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्ने। घाइतेहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्ने।

२. उक्त घटनामा घाइते भएका व्यक्तिहरूको तत्काल नि:शुल्क स्वास्थ्य उपचारको व्यवस्था स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय, नेपाली सेना र सरकारी अस्पतालहरूले मिलाउने।

३. उक्त घटनामा घाइते भएका एवं बिचल्लीमा परेका व्यक्तिहरूको तत्काल उद्धार गरी सुरक्षित स्थानमा सार्ने व्यवस्था गृह मन्त्रालय र रक्षा मन्त्रालयले मिलाउने। यस कार्यको लागि नेपाली सेना तथा निजी क्षेत्रका हेलिकोप्टरको परिचालन गर्ने। माननीय गृहमन्त्रीलाई उद्धारमा आवश्यक सबै साधन (हेलिकोप्टरसहित) परिचालन गर्न निर्देशन दिने।

४. घर/निवास गुमाएका व्यक्तिहरूलाई सुरक्षित स्थानमा सारी खाने बस्ने व्यवस्था गृह मन्त्रालय, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण र सम्बन्धित विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समितिले मिलाउने।

५. उक्त घटनाबाट अवरुद्ध हुन पुगेका सडकहरू पुन:सञ्चालन र उक्त क्षेत्रमा आवश्यक खानेपानीको व्यवस्था यथाशीघ्र पूर्वाधार विकास मन्त्रालयले मिलाउने।

६. बाढीबाट अवरुद्ध हुन पुगेको विद्युत आपूर्ति यथाशीघ्र सञ्चालन गर्ने प्रबन्ध ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय र नेपाल विद्युत प्राधिकरणले मिलाउने।

७. अवरुद्ध हुन पुगेका दूरसञ्चारको तत्काल सञ्चालनको व्यवस्था सूचना तथा सञ्चार मन्त्रालयले मिलाउने।

८. उक्त घटनाका मृतक परिवारलाई प्रचलित कानुनबमोजिमको आर्थिक सहायता तत्काल उपलब्ध गराउने।

९. क्षति भएका सार्वजनिक संरचना तथा भौतिक पूर्वाधारको तत्काल सञ्चालन तथा पुनर्निर्माण गर्न आवश्यक पर्ने आर्थिक स्रोत परिचालनको समन्वय गर्ने जिम्मेवारी माननीय अर्थमन्त्रीलाई दिने।

१०. विपद्‌बाट प्रभावित पाँच जिल्लाका १५ स्थानीय तहहरूलाई तीन महिना अवधिको लागि विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ३२ बमोजिम विपद् सङ्कटग्रस्त क्षेत्र घोषणा गर्ने र सोको सूचना नेपाल राजपत्रमा प्रकाशन गर्ने व्यवस्था गृह मन्त्रालयले मिलाउने।

११. विपद्‌बाट प्रभावितहरूको खोज, उद्धार तथा राहत र घाइतेको उपचारमा सहयोग गर्न सम्बन्धित प्रदेश सरकार, स्थानीय तहहरू एवं संघ-संस्थाहरूलाई आह्वान गर्ने।

१२. गृह मन्त्रालयको सिफारिसमा बिपद् सम्वन्धी खोज, उद्धार, राहत तथा पुनर्स्थापना र पुन:निर्माण प्रयोजनार्थ मित्रराष्ट्र, दातृनिकाय र अन्य सङ्घ संस्थाबाट नेपाल सरकारलाई अनुदान स्वरूप नब्बे दिन भित्र प्राप्त हुने वस्तुगत सहायता स्वीकार गर्ने र त्यस्ता सामग्रीको पैठारीमा लाग्ने कर तथा महसुलमा पूर्ण छुट प्रदान गर्ने।

## नेपाल सरकार, मन्त्रिपरिषद्को २०८३ भदौ १२ गतेको बैठकका निर्णयहरू

<table>
<tr><th>क्र.सं</th><th>मन्त्रालय</th><th>निर्णयको सङ्क्षिप्त व्यहोरा</th></tr>
<tr><td>१</td><td colspan="2">संवत् २०८३ साल भदौ १० गते नेपाल चीन सीमा क्षेत्र रसुवागढी एवं भोटेकोसी नदीमा आएको बाढीबाट प्रभावितहरूको सहयोगार्थ सम्माननीय प्रधानमन्त्री लगायत मन्त्रिपरिषद्का सबै सदस्यको एक महिनाको तलब प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गर्ने।</td></tr>
<tr><td>२</td><td colspan="2">संवत् २०८३ साल भदौ १० गते नेपाल चीन सिमा क्षेत्र रसुवागढी एवं भोटेकोसी नदीमा आएको बाढीबाट प्रभावित जिल्लामा क्षति पुगेका व्यक्ति र व्यावसायिक संस्थाका लागि सहुलियत तथा पुनःस्थापना प्याकेज (Business Recovery Package) तयार गर्ने।</td></tr>
<tr><td>३</td><td colspan="2">संवत् २०८३ साल भदौ १० गते नेपाल चीन सीमा क्षेत्र रसुवागढी एवं भोटेकोसी नदीमा आएको बाढीबाट मानवीय, आर्थिक, सामाजिक, पूर्वाधार लगायतका क्षेत्रमा भएको क्षति तथा नोक्सानीको विस्तृत मूल्याङ्कन गरी पुनर्निर्माण योजना तथा वित्तीय आवश्यकता अनुमान सहितको विपद्पछिको आवश्यकता मुल्याङ्कन (Post-Disaster Needs Assessment-PDNA) प्रतिवेदन राष्ट्रिय योजना आयोगले तयार गर्ने।</td></tr>
<tr><td>४</td><td>प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय</td><td>आ.व.२०८३/८४ को लागि महान्यायाधिवक्ताको कार्यालयमा नेपाल विविध सेवा तर्फको सूचना प्रविधि अधिकृतको एक अस्थायी दरबन्दी स्वीकृत गर्ने।</td></tr>
<tr><td>५</td><td>प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय</td><td>दक्षिण कोरियामा आयोजना हुने Capacity Building on ICT Government and Gender for Nepalese Attorneys in Nepal विषयक कार्यक्रममा २०८३ असोज १२ देखि १४ गतेसम्म सहभागी हुन नायब महान्यायाधिवक्ता श्री उद्धप्रसाद पुडासैनीलाई स्वीकृति प्रदान गर्ने।</td></tr>
<tr><td>६</td><td>अर्थ मन्त्रालय</td><td>विश्व बैंक समूहअन्तर्गतको अन्तर्राष्ट्रिय विकास संस्था (आइ.डि.ए) ले Kathmandu Valley Water Security Improvement Project, Kathmandu Valley Livable, Integrated and Functional Urban Transport Project र Safer School Project को तयारीको लागि प्रदान गर्ने करिब ५.५ मिलियन अमेरिकी डलर बराबरको अनुदान सहायता स्वीकार गर्ने।</td></tr>
<tr><td>७</td><td>कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय</td><td>२०८३ भदौ २८ देखि असोज ३ गतेसम्म गणतन्त्र कोरियामा सञ्चालन हुने Establishing Nepal Law Information Pilot System मा सहभागी हुन कानून,न्याय तथा संसदीय मामिला मन्त्रालयका सचिवलाई स्वीकृति प्रदान गर्ने।</td></tr>
<tr><td>८</td><td>कृषि, वन तथा पर्यावरण मन्त्रालय</td><td>भारत सरकारसँग जी.टु.जी. खरिद माध्यमबाट २५ हजार मेट्रिक टन डिएपी मल खरिद गर्न कृषि सामग्री कम्पनी लिमिटेडलाई सैद्धान्तिक स्वीकृति प्रदान गर्ने।</td></tr>
<tr><td>९</td><td>कृषि, वन तथा पर्यावरण मन्त्रालय</td><td>कृषि, वन तथा पर्यावरण मन्त्रालय अन्तर्गत कार्यरत नेपाल वन सेवाका दुईजना सहसचिवले दिनु भएको स्वैच्छिक अवकाश (राजीनामा) स्वीकृत गर्ने।</td></tr>
<tr><td>१०</td><td>गृह मन्त्रालय</td><td>पहिचान नभएका तथा बेवारिसे शव व्यवस्थापन (पहिलो संशोधन) निर्देशिका, २०८३ स्वीकृत गर्ने।</td></tr>
<tr><td>११</td><td>गृह मन्त्रालय</td><td>विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन (तेस्रो संशोधन) नियमावली, २०८३ स्वीकृत गर्ने।</td></tr>
</table>

| | | |
|---|---|---|
| १२ | परराष्ट्र मन्त्रालय | नेपाल र सर्वियाका परराष्ट्र मन्त्रालयबिच द्विपक्षीय परामर्श संयन्त्र स्थापना गर्नेसम्बन्धी समझदारीपत्र स्वीकृत गर्ने। |
| १३ | भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | दार्चुला जिल्ला साविक व्यास गा.वि.स. वडा नं. ५ मा बीस रोपनी जग्गा सशस्त्र प्रहरी बल, नेपाल नं. ४४ गण हे.क्वा. दार्चुलाअन्तर्गत नयाँ सीमा सुरक्षा पोष्ट वि.ओ.पि, कौवा स्थापनाका लागि प्रयोग गर्न स्वीकृति दिने। |
| १४ | भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | साविक पदमपुर गा.वि.स. राष्ट्रिय निकुञ्जमा समावेश गर्ने र पदमपुर गा.वि.स.का जनतालाई जुटपानी गाउँ विकास समितिमा सार्नेसम्बन्धी समस्या समाधान गर्न चितवन जिल्लाका प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा समस्या समाधान समिति गठन गर्ने। |
| १५ | भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | राष्ट्रिय आयुर्वेद पञ्चकर्म तथा योग सेवा केन्द्र र सिंहदरबार वैद्यखानाको संगठन संरचना र दरबन्दी तेरिज स्वीकृत गर्ने। |
| १६ | रक्षा मन्त्रालय | नेपाली सेनाका रथीलाई अवकाशपछि बाँकी अवधि शान्ति सेना मिसनमा कार्यरत रहन स्वीकृति प्रदान गर्ने। |
| १७ | सूचना तथा सञ्चार मन्त्रालय | सूचना तथा सञ्चार मन्त्रालय अन्तर्गत आर्थिक वर्ष २०८३/०८४ मा अधिकृतस्तरका आठ पदहरूको अस्थायी दरबन्दी स्वीकृत गर्ने। |
| १८ | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयअन्तर्गत सञ्चालित भूकम्प पछिको पुनःनिर्माण कार्यक्रमको आ.व. २०८३/८४ का लागि अधिकृतस्तरका १० अस्थायी दरबन्दी स्वीकृत गर्ने। |
| १९ | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | माराकेश सन्धि, २०१३ अनुमोदनको लागि संघीय संसदसमक्ष पेश गर्न स्वीकृति प्रदान गर्ने। |
| २० | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | युनेस्कोको सम्भावित विश्वसम्पदा सूचीमा सूचीकृत रामजानकी मन्दिर क्षेत्रको तोकिएको चार किल्लाभित्रको क्षेत्रलाई रामजानकी मन्दिर संरक्षित स्मारक क्षेत्र घोषणा गर्ने। |
| २१ | नेपाल प्रशासन सेवा समूहीकरण तर्फको राजपत्राङ्कित विशिष्ट श्रेणीको रिक्त एक पदमा सहसचिव श्री इन्दु घिमिरेलाई बढुवा गरी रक्षा मन्त्रालयमा पदस्थापन गर्ने। | |
| २२ | गृह मन्त्रालयका सचिव श्री राजकुमार श्रेष्ठ सेवा अवधिको कारण २०८३/५/१६ देखि अनिवार्य अवकाश हुनु हुने हुँदा उहाँलाई अवकाशको जानकारी एवं धन्यवाद दिने। | |
| २३ | रक्षा मन्त्रालयका सचिव श्री केदारनाथ शर्मालाई गृह मन्त्रालयको सचिव पदमा सरुवा गर्ने। | |
| २४ | राष्ट्र, राष्ट्रियता, धर्म, संस्कृति र नागरिक बचाउ महाअभियानसँग गरिएको सम्झौता ग्रहण गर्ने र कार्यान्वयनको लागि सम्बन्धित मन्त्रालयमा पठाउने। | |